प्रिय एफसीपीएसका (FCPS) परिवारहरु:

एफसीपीएसको (FCPS) कोभिड-१९ व्यक्तिगत-रुपको (इन-पर्सन) सिखाई नमूनाको कार्यान्वयनको साथ, हामीले दुई हप्ता अगाडि निर्धारणगर्ने र हाम्रो समुदायलाई व्यवस्थागर्न पर्याप्त समय दिन प्रत्येक मंगलबार निर्णयहरूगर्ने घोषणा गरेकाछौं।

किन्डरगार्टन, पहिलो र दोस्रो कक्षाका विद्यार्थीहरू फेब्रुअरी १६-१९ र फेब्रुअरी २२-२६को हप्ता स्कूलमा हुनुपर्ने थियो, तर हामीले आज दिउँसो साझा गरेझैं सबै विद्यार्थीहरूले यस हप्ता मौसमको कारण परोक्षरूपले (रिमोटली) सिक्नेछन्। हाम्रो पहिलो चरणकोलागि हामीले दुई हप्तालाई समावेशगर्नुको कारणहरूमध्य एक यो थियो कि हामीसँग यसपछिका चरणहरूलाई समर्थनगर्न परिचालक कर्मचारीहरूछन् भन्ने सुनिश्चितगर्नकोलागि हो।

लेक्सिंग्टन-फेएट काउन्टी स्वास्थ्य विभागसँग आजको तथ्यांकहरूको समीक्षाले देखायो कि नयाँ केसहरूको ७-दिनको नियमित आवर्तन १००मा झरेको छ, सामुदायिक प्रसारण तल झर्दैछ, स्कूल-उमेरका बच्चाहरूका केसहरू घट्दोछ, र हाम्रा धेरै कर्मचारीहरूले खोपको दोस्रो खुराक प्राप्त गरिसकेकाछन्।

आजको रूपमा हामीगर्न सक्दछौं:

- पुष्टि गर्दछौं कि किन्डरगार्टन, पहिलो र दोस्रो कक्षाका विद्यार्थीहरू जसका परिवारहरूले व्यक्तिगत-रुपको सिखाईकोलागि छनौटगर्नु भएको थियो फेब्रुअरी २२-२६को हप्ता स्कूलमा फर्कनेछन्, मौसमले अनुमति दिएमा, र मार्च १-५, २०२१को हप्ता व्यक्तिगत-रुपको अध्ययनकोसाथ जारी रहनेछ।
- **हामी घोषणा गर्छौं कि ३-५ कक्षाका विद्यार्थीहरू कक्षामा हुने आशा गर्दछौं जसका परिवारहरूले व्यक्तिगत-रुपको सिखाईकोलागि स्कूलमा मार्च ३-५, २०२१मा फिर्ताहुने छनौटगर्नु भएकाथिए।** (यो निर्णयको समीक्षा र पुष्टि अर्को मंगलबार हुनेछ।)
- पुष्टि गर्दछौं कि हामी सबै विद्यार्थीहरूकोलागि व्यक्तिगत-रुपको सिखाई प्रदानगर्ने लक्ष्यप्राप्तगर्न धेरै भिन्न परिदृश्यहरूको अन्वेषण गर्दैछौं जुन परिवारहरूले उक्त विकल्पको छनौटगर्नु भएकाथिए।
- बस चालकहरू र क्याफटेरियाका कामदारहरूको उपलब्धता सहित संक्रमणका कारकहरूको महत्त्वलाई जोडदिन्छौं, जब हामी अन्य कक्षा स्तरहरूलाई बिस्तारै व्यक्तिगत-रुपको शिक्षणमा फर्कने योजनालाई पहुँचगर्छौं।
- बस चालक, बस मनिटर, वा बाल पोषण कर्मचारीको रूपमा कामगर्न चाहनुहुने जो कोहीलाई www.fcps.net/jobsमा आवेदन दिनहुन प्रोत्साहित गर्दछौं।

तपाईंको निरन्तर समर्थन र बुझिदिनुभएकोमा धन्यवाद।